श्री ५ को सरकार

# निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन ०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले काठमाडौंबाट बालाज्यू जाने विष्णुमती खोलामा नयाँ पुल निर्माण गर्न बागमती अंचल काठमाडौं जिल्लाको निम्न पंचायत वडाभित्र पर्ने निम्न लेखिएका जग्गाहरू प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू ०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

१. बालाज्यू गाउँ पंचायत वडा नं १ (ख) को पूर्व सडक, पश्चिम कि. नं. १७३, १७५, १७६, १७७, २०७, २०८ को गणेशबहादुर, बद्रिमान, केदारमान, पशुपति तम्बो, नारायण महर्जन समेतको बाँकी जग्गा उत्तर कि. नं. १७३ को गणेशबहादुरको बाँकी जग्गा दक्षिण विष्णुमती खोला यति ४ किल्लाभित्र पर्ने कि. नं. १७३ मध्ये जम्मा ०–६–० कि. नं. १७५ मध्ये ०–१–२ कि. नं. १७६ मध्ये ०–४–२ कि. नं. १७७ मध्ये ०–१–१ कि. नं २०७ मध्ये ०–३–२ कि. नं. २०८ मध्ये ०–३–१ समेत मालपोत रू. ४।६० लाग्ने धनहर अवल किसिमको जम्मा जग्गा रोपनी १–४–० (एक रोपनी चार आना) को कित्ता......१

२. बालाज्यू गाउँ पंचायत वडा नं. २ (ग) को पूर्व कि.नं. १४०, १४१, १४२, १४३, १४४, १४५, १४६, नारायणदाश, हर्षनारायण, श्रीमाया प्रजापती, पूर्णमाया कीर्तिमान, बद्रिमान, केदार मान, आनन्दमान, गजेन्द्रमान समेतको बाँकी जग्गा, पश्चिम सडक, उत्तर कि.नं. १४१ को बद्रिमान, केदारमान, आनन्दमान, गजेन्द्रमान समेतको र बाँकी जग्गा, दक्षिण विष्णुमती यति ४ किल्लाभित्र पर्ने कि.नं. १४० मध्ये ०–२–१ कि.नं. १४१ मध्ये ०–२–२ कि.नं. १४२ मध्ये ०–५–३ कि. नं. १४३ मध्ये ०–६–२ कि. नं. १४४ मध्ये ०–७–० कि. नं. १४५ मध्ये ०–५–२ कि. नं. १४६ मध्ये ०–१०–० समेत मालपोत रू. ६।६७ लाग्ने धनहर अवल किसिमको जम्मा जग्गा रोपनी २–७–२ (दुईरोपनी सातआना दुईपैसा) को कित्ता.......................................१

३. काठमाडौं नगर पंचायत वडा नं. २० (क) को पूर्व कि. नं. ३५, १८०, १८१, १४२ को नानकमठ, गुठि हिराकाजी महर्जन, बुद्धिमान महर्जन, काजिमान महर्जन समेतको बाँकी जग्गा, पश्चिम बालाज्यू जाने सडक, उत्तर विष्णुमती खोला, दक्षिण कि. नं. १४२ को बुद्धिमान महर्जनको बाँकी जग्गा यति ४ किल्लाभित्र पर्ने कि. नं. ३५ मध्ये १–०–० कि.नं. १८० मध्ये १–१–० कि. नं. १८१ मध्ये ०–८–० कि. नं. १४२ मध्ये ०–८–२ समेत मालपोत रू. १२।१२ लाग्ने धनहर अवल किसिमको जम्मा जग्गा रोपनी ३–१–२ (तीन रोपनी एक आना दुई पैसा) को कित्ता – – – – १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. काठमाडौं नगर पंचायत वडा नं. २० (घ) को पूर्व सडक, पश्चिम कि. नं. १, २, ३, १६, १७, ८० को रामकृष्ण महर्जन, धन मानन्धर, सेखा मानन्धर, रत्नबहादुर मास्के, कर्णमान राजवाहक, चक्रमान महर्जन, प्रिमरत्न तुलाधरको बाँकी जग्गा यति ४ किल्लाभित्र पर्ने कि.नं. १ मध्ये ०–८–२, कि.नं. २ मध्ये ०–३–० कि.नं. ३ मध्ये ०–२–१ कि. नं. १६ मध्ये ०–१०–० कि. नं. १७ मध्ये ०–१२–० कि. नं. ८० मध्ये ०–६–२ समेत मालपोत रु. १०।३५ लाग्ने जम्मा जग्गा रोपनी २–१०–१ (दुईरोपनी दशआना एकपैसा) को किता. . . . . . . . . . . . . . . . . . . १

आज्ञाले–
फणिन्द्रराज हमाल
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

3

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।